नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

Email:daobara33700@gmail.cor
फोन नं.:०५३-५५०१३३
:०५३-५५०१६
:०५३-५५०४३
फ्याक्स नं.:०५३-५५००००

बारा, कलैया

पत्र संख्याः-०८०/८१
चलानी नं.-

## राष्ट्रिय परिचयपत्र सम्बन्धी सूचना !

(मितिः- २०८१।०२।१६)

यस कार्यालयबाट संचालन भइरहेको सेवाग्राहीहरुको राष्ट्रिय परिचयपत्रको enrollment कार्यक्रमलाई थप व्यवस्थित र मर्यादित बनाउने सिलसिलामा सबै ईलाका प्रशासन कार्यालयहरुमा राष्ट्रिय परिचयपत्रको स्टेशन संचालन भइरहेको हुँदा तपसिल अनुसारको उ.म.न.पा./न.पा./गा.पाका सेवाग्राहीहरुले तपसिल बमोजिमका कार्यालयबाट मात्र राष्ट्रिय परिचयपत्र enrollment सेवा प्राप्त गर्नुहुन अनुरोध छ ।

तपसिलः-

१. जिल्ला प्रशासन कार्यालय, बारा अन्तर्गतः-
   श्री कलैया उपमहानगरपालिका, महागढीमाई नगरपालिका, फेटा गा.पा., प्रसौनी गा.पा., विश्रामपुर गा.पा., परवानीपुर गा.पा., करैयामाई गा.पा., सुवर्ण गा.पा., देवताल गा.पा., बारागढी गाउँपालिका ५ नं. वडा बाहेक।
२. ईलाका प्रशासन कार्यालय, सिमरा बारा अन्तर्गतः-
   श्री जीतपुरसिमरा उपमहानगरपालिका र निजगढ नगरपालिका ।
३. ईलाका प्रशासन कार्यालय कोल्हवी, बारा अन्तर्गतः-
   श्री कोल्हवी नगरपालिका र बारागढी गाउँपालिका ५ नं. वडा ।
४. ईलाका प्रशासन कार्यालय, सिम्रौनगढ बारा अन्तर्गतः-
   श्री सिम्रौनगढ नगरपालिका, पचरौता नगरपालिका र आदर्शकोतवाल गा.पा. ।

साथै, हालका दिनहरुमा अत्याधिक गर्मी बढेको र जेष्ठ नागरिकहरु लगायत सेवाग्राहीको अत्याधिक चाप बढी असहज अवस्था रहेको छ । जेष्ठ नागरिकहरुलाई लक्षित गरी यस महिना भित्रै वडा स्तरमा राष्ट्रिय परिचयपत्र दर्ता अभियान संचालन गरिने भएकोले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही लगायत सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।

.................................
शशीधर घिमिरे
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी